ठोरी गाउँपालिका
गाउँसभाको तेह्रौं अधिवेशन

आज मिति २०८२/०३/०४ गतेका दिन ठोरी गाउँपालिका गाउँ कार्यपालिकाका अध्यक्ष एवम् गाउँ सभाका सभाध्यक्ष श्री लाल बहादुर श्रेष्ठज्यूको अध्यक्षतामा देहायका गाउँ सभा सदस्यज्यूहरुको उपस्थितिमा ठोरी गाउँपालिकाको गाउँसभाको तेह्रौं अधिवेशन ठोरी गाउँपालिकाको सभा हलमा बसी निम्नानुसार प्रस्तावहरु माथि छलफल गरी देहाय अनुसारको निर्णयहरु गरियो।

उपस्थिति:

प्रमुख अतिथि: जिल्ला समन्वय समिति पर्साका सभापतिः श्री निरन्जन प्रसाद सा सोनार ...

| क्र.सं. | पद: | नाम थर: | दस्तखत: |
|---|---|---|---|
| १ | गाउँ सभा अध्यक्ष | श्री लाल बहादुर श्रेष्ठ | |
| २ | उपाध्यक्ष | श्री गोकुली कुमारी रेग्मी | |
| ३ | गाउँ सभा सदस्य | श्री धनमान थापा मगर | |
| ४ | गाउँ सभा सदस्य | श्री धनमाया घलान (ठोकर) | |
| ५ | गाउँ सभा सदस्य | श्री मिश्री कुमारी दर्जी | |
| ६ | गाउँ सभा सदस्य | श्री केशव अधिकारी | |
| ७ | गाउँ सभा सदस्य | श्री अनिल अधिकारी | |
| ८ | गाउँ सभा सदस्य | श्री अमृत कृष्ण सापकोटा | |
| ९ | गाउँ सभा सदस्य | श्री भगवती देवी धिताल | |
| १० | गाउँ सभा सदस्य | श्री फूल माया दर्जी | |
| ११ | गाउँ सभा सदस्य | श्री केशर बहादुर भण्डारी | |
| १२ | गाउँ सभा सदस्य | श्री सिताराम तिमिल्सिना | |
| १३ | गाउँ सभा सदस्य | श्री शम्भु खड्का | |
| १४ | गाउँ सभा सदस्य | श्री ज्ञान कुमारी जोशी | |
| १५ | गाउँ सभा सदस्य | श्री बृत माया विश्वकर्मा | |
| १६ | गाउँ सभा सदस्य | श्री जुम बहादुर गुरुङ्ग | |

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

| | | | |
|---|---|---|---|
| १७ | गाउँ सभा सदस्य | श्री टिका बहादुर श्रेष्ठ | |
| १८ | गाउँ सभा सदस्य | श्री मान बहादुर थिङ्ग | |
| १९ | गाउँ सभा सदस्य | श्री देवी माया थिङ्ग | |
| २० | गाउँ सभा सदस्य | श्री कृष्ण कुमार खत्री | |
| २१ | गाउँ सभा सदस्य | श्री पदम बहादुर श्रेष्ठ | |
| २२ | गाउँ सभा सदस्य | श्री अष्ट बहादुर लोप्चन | |
| २३ | गाउँ सभा सदस्य | श्री निशा खडका | |
| २४ | गाउँ सभा सदस्य | श्री लालमुनि देवी | |
| २५ | गाउँ सभा सदस्य | श्री मैते वोम्जन | |
| २६ | गाउँ सभा सदस्य | श्री दल बहादुर थापा | |
| २७ | गाउँ सभा सदस्य | श्री मेघराज सुनुवार | |
| २८ | गाउँ सभा सदस्य | श्री ईश्वरी देवी प्रजा | |
| २९ | सचिव | श्री धर्मराज बहादुर थापा | |

आमन्त्रितः

| क्र.सं. | पदः | नाम थरः | दस्तखतः |
|---|---|---|---|
| १ | अध्यक्ष, ने.क.पा एमाले गाउँपालिका कार्य समिति,ठोरी,पर्सा। | श्री खगेन्द्र बहादुर श्रेष्ठ | |

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

ठोरी गाउँपालिका

गाउँ सभाको तेह्रौं अधिवेशन

## कार्य-सुचि

प्रथम बैठकः मिति २०८२/०३/०४ गते विहान ९:०० वजे।

१. गाउँसभा सदस्यज्यूहरुको उपस्थिति,

२. सभाध्यक्ष सभामा प्रवेश,

३. राष्ट्रिय गान,

४. ज्ञात अज्ञात शहीद प्रति श्रद्धाञ्जली,

५. स्वागत मन्तब्यः उपाध्यक्ष श्री गोकुली कुमारी रेग्मीज्यूबाट,

५. प्रमुख अतिथिः जिल्ला समन्वय समिति पर्साका सदस्यः श्री सुशिला वि.क. ज्यूबाट सभाको उद्घाटन।

६. आर्थिक वर्ष २०८२/०८३ को ठोरी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, २०८२ सभाध्यक्ष श्री लाल बहादुर श्रेष्ठज्यूबाट गाउँ सभा समक्ष प्रस्तुत र निर्णयार्थ पेश।

७. विषयगंत समितिहरुको प्रतिवेदन सभामा प्रस्तुत र निर्णयार्थ पेश।

८. आर्थिक वर्ष २०८२/०८३ को ठोरी गाउँपालिकाको अर्थ सम्वन्धी विधेयक, २०८२ उपाध्यक्ष श्री गोकुली कुमारी रेग्मीज्यूबाट गाउँ सभा समक्ष प्रस्तुत र निर्णयार्थ पेश।

९. आर्थिक वर्ष २०८२/०८३ को ठोरी गाउँपालिकाको विनियोजन विधेयक, २०८२ उपाध्यक्ष श्री गोकुली कुमारी रेग्मीज्यूबाट गाउँ सभा समक्ष प्रस्तुत र निर्णयार्थ पेश प्रस्तुत।

१०. सभाध्यक्षबाट अन्य विभिन्न प्रस्तावहरु गाउँ सभामा प्रस्तुत।

११. विविध।

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

CamScanner

प्रथम बैठक: गाउँ सभाको तेह्रौं अधिवेशन मिति २०८२/०३/०४ गते विहान ९:०० वजे

प्रस्तावहरु:

१. आर्थिक वर्ष २०८२/०८३ को ठोरी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, २०८२ सभाध्यक्ष श्री लाल बहादुर श्रेष्ठज्यूबाट गाउँ सभा समक्ष प्रस्तुत र निर्णयार्थ पेश।

२. विषयगत समितिहरुको प्रतिवेदन सभामा प्रस्तुत र निर्णयार्थ पेश।

३. आर्थिक वर्ष २०८२/०८३ को ठोरी गाउँपालिकाको अर्थ सम्वन्धी विधेयक, २०८२ उपाध्यक्ष श्री गोकुली कुमारी रेग्मीज्यूबाट गाउँ सभा समक्ष प्रस्तुत र निर्णयार्थ पेश।

४. आर्थिक वर्ष २०८२/०८३ को ठोरी गाउँपालिकाको विनियोजन विधेयक, २०८२ उपाध्यक्ष श्री गोकुली कुमारी रेग्मीज्यूबाट गाउँ सभा समक्ष प्रस्तुत र निर्णयार्थ पेश।

५ विविध।

निर्णयहरु:

निर्णय नं.१: आर्थिक वर्ष २०८२/०८३ को ठोरी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम,२०८२ गाउँपालिका अध्यक्ष श्री लाल बहादुर श्रेष्ठज्यूबाट तेह्रौ गाउँसभा समक्ष प्रस्तुत भई निर्णयार्थ पेश हुन आएको उक्त वार्षिक नीति तथा कार्यक्रम माथि दफावार छलफल गरी ठोरी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम,२०८२ सर्वसम्मतले पारित गरियो।

निर्णय नं.२: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५,६६ र ६७ वमोजिम गठित तपसिलका समितिहरुको प्रतिवेदनहरु सभाबाट सर्वसम्मत पारित गरियो।

तपसिल

१. स्थानीय राजस्व परामर्श समितिको प्रतिवेदन,२०८२

२. श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिको प्रतिवेदन.२०८२

३. वजेट तथा कार्यक्रम तर्जुमा समितिको प्रतिवेदन.२०८२

निर्णय नं.३: आर्थिक वर्ष २०८२/०८३ को ठोरी गाउँपालिकाको अर्थ सम्वन्धी विधेयक,२०८२ गाउँपालिका उपाध्यक्ष श्री गोकुली कुमारी रेग्मीज्यूबाट तेह्रो गाउँसभा समक्ष प्रस्तुत भई निर्णयार्थ पेश हुन आएको उक्त विधेयक माथि दफावार छलफल गरी ठोरी गाउँपालिकाको अर्थ सम्वन्धी विधेयक,२०८२ सर्वसम्मत पारित गरियो।

निर्णय नं.४: आर्थिक वर्ष २०८२/०८३ को ठोरी गाउँपालिकाको विनियोजन विधेयक,२०८२ गाउँपालिका उपाध्यक्ष श्री गोकुली कुमारी रेग्मीज्यूबाट तेह्रो गाउँसभा समक्ष प्रस्तुत भई निर्णयार्थ पेश हुन आएको उक्त विधेयक माथि दफावार छलफल गर्न समय अपुग भएकोले उक्त विधेयकको दफावार छलफलको लागि तेह्रो सभाको दोस्रो वैठकमा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्यारडाँडा, पर्सा मधेश प्रदेश, नेपाल २०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

निर्णय नं.५: आर्थिक वर्ष २०८२/०८३ को ठोरी गाउँपालिकाको विनियोजन विधेयक,२०८२ को दफावार छलफल लगायत विभिन्न विषयहरुवारे निर्णय गर्न समय अपुग भएकोले तेह्रो गाउँसभाको दोस्रो वैठक तपसिल वमोजिम वसी छलफल गर्ने सर्वसम्मतिले निर्णय गरियो।

<u>तपसिल</u>

| मिति | समय | स्थान |
|---|---|---|
| २०८२/०३/२३ गते | विहानः १०:०० वजे | ठोरी गाउँपालिकाको सभा हल, घ्याङ्गडाँडा, पर्सा। |

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घ्याङ्गडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

CamScanner

# ठोरी गाउँपालिका
## गाउँ सभाको तेह्रौं अधिवेशन

दोस्रो बैठकः मिति २०८२/०३/२३ गते विहान १०:०० वजे।

आज मिति २०८२/०३/२३ गतेका दिन ठोरी गाउँपालिका गाउँ कार्यपालिकाका अध्यक्ष एवम् गाउँ सभाका सभाध्यक्ष श्री लाल बहादुर श्रेष्ठज्यूको अध्यक्षतामा देहायका गाउँ सभा सदस्यज्यूहरुको उपस्थितिमा ठोरी गाउँपालिकाको तेह्रौं गाउँसभा ठोरी गाउँपालिकाको सभा हलमा वसी निम्नानुसार प्रस्तावहरु माथि छलफल गरी देहाय अनुसारको निर्णयहरु गरियो।

उपस्थितिः

प्रमुख अतिथिः जिल्ला समन्वय समिति पर्साका सदस्यः श्री सुशिला वि.क. ............................

| क्र.सं. | पदः | नाम थरः | दस्तखतः |
|---|---|---|---|
| १ | गाउँ सभा अध्यक्ष | श्री लाल बहादुर श्रेष्ठ | |
| २ | उपाध्यक्ष | श्री गोकुली कुमारी रेग्मी | |
| ३ | गाउँ सभा सदस्य | श्री धनमान थापा मगर | |
| ४ | गाउँ सभा सदस्य | श्री धनमाया घलान (ठोकर) | |
| ५ | गाउँ सभा सदस्य | श्री मिश्री कुमारी दर्जी | |
| ६ | गाउँ सभा सदस्य | श्री केशव अधिकारी | |
| ७ | गाउँ सभा सदस्य | श्री अनिल अधिकारी | |
| ८ | गाउँ सभा सदस्य | श्री अमृत कृष्ण सापकोटा | |
| ९ | गाउँ सभा सदस्य | श्री भगवती देवी धिताल | |
| १० | गाउँ सभा सदस्य | श्री फूल माया दर्जी | |
| ११ | गाउँ सभा सदस्य | श्री केशर बहादुर भण्डारी | |

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

CamScanner

| | | | |
|---|---|---|---|
| १२ | गाउँ सभा सदस्य | श्री सिताराम तिमिल्सिना | सिताराम |
| १३ | गाउँ सभा सदस्य | श्री शम्भु खड्का | |
| १४ | गाउँ सभा सदस्य | श्री ज्ञान कुमारी जोशी | |
| १५ | गाउँ सभा सदस्य | श्री बृत माया विश्वकर्मा | |
| १६ | गाउँ सभा सदस्य | श्री जुम बहादुर गुरुङ्ग | |
| १७ | गाउँ सभा सदस्य | श्री टिका बहदुर श्रेष्ठ | |
| १८ | गाउँ सभा सदस्य | श्री मान बहादुर थिङ्ग | |
| १९ | गाउँ सभा सदस्य | श्री देवी माया थिङ्ग | |
| २० | गाउँ सभा सदस्य | श्री कृष्ण कुमार खत्री | |
| २१ | गाउँ सभा सदस्य | श्री पदम बहादुर श्रेष्ठ | |
| २२ | गाउँ सभा सदस्य | श्री अष्ट बहादुर लोप्चन | |
| २३ | गाउँ सभा सदस्य | श्री निशा खडका | |
| २४ | गाउँ सभा सदस्य | श्री लालमुनि देवी | |
| २५ | गाउँ सभा सदस्य | श्री मैते वोम्जन | |
| २६ | गाउँ सभा सदस्य | श्री दल बहादुर थापा | |
| २७ | गाउँ सभा सदस्य | श्री मेघराज सुनुवार | |
| २८ | गाउँ सभा सदस्य | श्री ईश्वरी देवी प्रजा | ईश्वरी |
| २९ | सचिव | श्री धर्मराज बहादुर थापा | |

धौरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ध्यानडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

# गाउँसभाको तेह्रौं अधिवेशन

**दोस्रो बैठकः मिति २०८२/०३/२३ गते विहान १०:०० वजेः-**

प्रस्तावहरु:

१. आर्थिक् वर्ष २०८२/०८३ को ठोरी गाउँपालिकाको विनियोजन विधेयक, २०८२ उपाध्यक्ष श्री गोकुली कुमारी रेग्मीज्यूबाट दफावार छलफल सहित गाउँ सभाको दोस्रो वैठक समक्ष निर्णयार्थ पेश।

२. ठोरी गाउँपालिकाको आ.व. २०८२/०८३ को खरिद तथा निर्माण दररेट, २०८२ गाउँसभा समक्ष प्रस्तुत।

३. ठोरी गाउँपालिकाको "औषधी उपचार खर्च सम्वन्धी मापदण्ड, २०८२ गाउँसभामा निर्णयार्थ प्रस्तुत।

४. आ.व. २०८१/०८२ मा न्यायिक समितिबाट सम्पादन भएका कार्य तथा निर्णयहरु सम्वन्धमा।

५. ज्यालादारी (डोर हाजिरी) तथा करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद थप सम्वन्धमा।

६. महालेखा परीक्षकको कार्यालयको वार्षिक लेखा परीक्षण प्रतिवेदन २०८०/०८१ मा औंल्याईएका तपसिल अनुसारको वेरुजु नियमित गर्न गाउँ सभा समक्ष प्रस्तुत।

७. गत आर्थिक वर्ष २०८१/८२ को वाँकी भुक्तानी सम्वन्धमा।

८. कार्यरत् कर्मचारीको तह बृद्धि सम्वन्धमा।

९. निर्णयहरु अनुमोदन सम्वन्धमा।

१०. सभाध्यक्षबाट अन्य विभिन्न प्रस्तावहरु गाउँ सभामा प्रस्तुत।

११. विविध।

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

**निर्णयहरु:**

निर्णय नं.१: आर्थिक वर्ष २०८२/०८३ को ठोरी गाउँपालिकाको विनियोजन विधेयक,२०८२ गाउँपालिका उपाध्यक्ष श्री गोकुली कुमारी रेग्मीज्यूबाट तेह्रौं गाउँसभाको प्रथम वैठक समक्ष प्रस्तुत भई दफावार छलफल र निर्णयार्थ तेह्रौं गाउँसभाको दोस्रो वैठकमा पेश हुन आएको उक्त विधेयक माथि दफावर छलफल गरी ठोरी गाउँपालिकाको विनियोजन विधेयक,२०८२ सर्वसम्मत पारित गरियो।

निर्णय नं.२: ठोरी गाउँपालिकाको आ.व. २०८२/०८३ को पालिका स्तरीय खरिद तथा निर्माण दररेट,२०८२ सर्वसम्मत पारित गरियो।

निर्णय नं.३: ठोरी गाउँपालिकाको "औषधी उपचार खर्च सम्वन्धी मापदण्ड, २०८२ सर्वसम्मत पारित गरियो।

निर्णय नं.४: न्यायिक समितिबाट आर्थिक वर्ष. २०८१/०८२ मा सम्पादन भएका कार्य र निर्णहरु सर्वसम्मत अनुमोदन गरियो।

निर्णय नं.५: यस गाउँपालिकाको कार्यालय र मातहतका कार्यालय तथा विद्यालयहरुमा विभिन्न पदहरुमा (स्वास्थ्य, शिक्षा तथा प्राविधिक तर्फ ) कार्यरत सेवा करार, मासिक ज्यालादारी, दैनिक ज्यालादारी कर्मचारीहरुको म्याद थप गर्ने सम्वन्धमा सम्वन्धित शाखाहरुको सिफारिसमा कार्य सम्पादन मूल्याङ्कनको आधारमा आर्थिक वर्ष. २०८२/०८३ को लागि २०८२ साउन १ गते देखि २०८३ असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं.६: यस गाउँपालिकामा हाल सम्म सम्पन्न भएको लेखा परीक्षण प्रतिवेदनहरुबाट औंल्याइएका वेरुजुहरुको सम्वन्धमा अनुसूचि -१ वमोजिमको कागजातलाई नियमित गरी सम्परीक्षणको लागि महालेखा परीक्षकको कार्यालयमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं.७: गत आर्थिक वर्ष २०८१/८२ मा कार्य सम्पन्नन भई भुक्तानी दिनु वाँकी रहेका योजना तथा कार्यक्रमहरुको भुक्तानी आर्थिक वर्ष २०८२/८३ को वजेटबाट अनुसूचि-२ वमोजिम भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं.८: यस गाउँपालिकाको कार्यालयमा कार्यरत तपसिलका कर्मचारीहरुको हालको तहबाट एक तह स्तर बृद्धि गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

| क्र.सं. | कर्मचारीको नाम,थर | हालको तह | बृद्धि भए पछि हुने तह | कैफियत |
|---|---|---|---|---|
| १ | श्री अर्जुन कुमार जि.सी. | अधिकृत सातौं | अधिकृत आठौं | प्रशासकीय अधिकृत |
| २ | श्री राजाबाबु पटेल | अधिकृत छैटौं | अधिकृत सातौं | सू.प्र.अधिकृत |

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

CamScanner

निर्णय नं.९: यस गाउँपालिकामा आर्थिक वर्ष २०८१/८२ मा कार्यपालिकाको बैठक, विभिन्न समिति, उपसमिति, विषयगत शाखा, वडा समितिको निर्णय एवम् पदीय हैसियतले पदाधिकारी तथा कर्मचारीबाट भए गरेका निर्णय, कार्यहरु र खर्चलाई सर्वसम्मतिले अनुमोदन गरियो

निर्णय नं.१०: सभाध्यक्षज्यूबाट सभामा पेश गरी छलफलद्वारा सर्वसम्मत पारित भएका निर्णयहरु:-

(क) यस गाउँसभा पश्चात अर्को गाउँसभा नभएको अवधि सम्म सभाको हैसियतबाट कुनै नीतिगत निर्णय गर्नु पर्ने अवस्था भएमा वा आएमा त्यस्ता कार्यहरु गर्न गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

(ख) यस गाउँसभा पश्चात अर्को गाउँसभा नभएको अवधि सम्म सभाले पारित गरेका कार्यक्रम तथा योजना वाहेक कुनै पनि कार्यक्रम तथा योजना सञ्चालन गर्नु परेमा गाउँ सभाले पारित गरेकोमा अन्यथा नहुने गरी स्रोत साधन र वजेटको उपलब्धताको आधारमा सञ्चालनको लागि कुनै नीतिगत निर्णय गर्नु पर्ने अवस्था भएमा वा आएमा त्यस्ता कार्यहरु गर्न गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

(ग) पालिका स्तरीय र अन्य स्रोतबाट प्राप्त योजना तथा कार्यक्रमहरुको हकमा गाउँपालिका अध्यक्षको अध्यक्षतामा वसेको उपभोक्ताहरुको बैठकले गठन गरेको उपभोक्ता समितिलाई कार्यादेश दिने योजना सम्पन्न भए पश्चात गाउँपालिका अध्यक्षले दिनु भएको योजना सम्पन्न सिफारिसको आधारमा भुक्तानी दिने निर्णय गरियो।

(घ) विभिन्न वडा, टोल तथा वस्तीबाट माग भई वडा कार्यपालिकाबाट सिफारिस भई आएका तर गाउँपालिकाको स्रोत, साधन, वजेटको अभावले गर्दा गाउँपालिकाको वजेटबाट सञ्चालन गर्न नसकिएमा योजना तथा कार्यक्रमहरु सञ्चालनको लागि संघ, प्रदेश सरकार, विषयगत मन्त्रालय, दातृ निकाय तथा सरकारी तथा गैर सरकारी संस्थाहरुलाई अनुरोध गर्ने प्रस्ताव सर्वसम्मत पारित गरियो।

(ङ) गाउँपालिकाले विनियोजन गरेको कार्यक्रम तथा वजेट भन्दा वाहिरबाट कुनै कार्यक्रम तथा वजेट प्राप्त भई तत्काल कार्यान्वयन गर्नु पर्ने भएमा गाउँ सभाले पारित गरेको विनियोजन विधेयकमा थप भार नपर्ने गरी गाउँपालिका अध्यक्ष स्तरीय निर्णयबाट कार्यान्वयन गर्ने गराउने सर्वसम्मत निर्णय गरियो।

(च) आर्थिक वर्ष २०८१/८२ मा विभिन्न मितिमा भएको रकमान्तरका निर्णयहरु सदर गर्ने निर्णय गरियो।

(छ) हाल सम्म गाउँ सभा तथा गाउँ कार्यपालिकाबाट पारित भएका ऐन, कानुन, नीति, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डलाई सोहि वमोजिम कार्यान्वयनमा निरन्तरता दिने तथा थप आवश्यक नीति, नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्ड निर्माण गर्ने गराउने सर्वसम्मत निर्णय गरियो।

सभाका सभाध्यक्ष श्री लाल बहादुर श्रेष्ठज्यूबाट सभा सञ्चालनमा सहयोग गर्नु हुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी तथा प्रत्यक्ष एवम् परोक्ष सहयोग पुऱ्याउने सबैमा धन्यवाद ब्यक्त गर्दै ठोरी गाउँपालिकाको तेह्रौं गाउँसभा मिति २०८२ असार २३ गते वेलुका ५:०० वजे बाट अन्त्य भएको घोषणा गर्दै सभा समापन गरियो।

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... पर्सा मधेश प्रदेश, नेपाल २०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

## अनुसूची १ वैरुजू नियमित

| क्र स | वेरुजु दफा | वेहोरा | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ३० म ले प प्रतिवेदन २०८०/८१ | फरक शीषकबाट खर्च | ७,०६,०१० | |
| २ | ३० म ले प प्रतिवेदन २०८०/८१ | अन्य निकायबाट कायम संचालन | १७,७५,७९५ | |

लाल बहादुर श्रेष्ठ
अध्यक्ष